**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रानीमत्ता, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ०४** **संख्याः ०३** **मितिः २०८०/११/२९**

**भाग–१**
**गुराँस गाउँपालिका**

## गुराँस गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०

गाउँसभामा पेश मिति २०८०/१०/१५
गाउँसभाबाट पारित मिति २०८०/११/११
प्रमाणीकरण मिति २०८०/११/२७

**प्रस्तावनाः** गुराँस गाउँपालिका क्षेत्रभित्र रहेका नदिजन्य पदार्थको उत्खनन, संकलन तथा विक्रि वितरणलाई व्यवस्थित गरी नदीजन्य पदार्थको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त राजश्व संङ्कलनलाई व्यवस्थित गरि गाउँपालिकाको विकास निर्माणमा गर्न बाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ (६) र प (७) को कार्यान्वयनका लागि ऐनको दफा १०२ बमोजिम गुराँस गाउँ सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गुराँस गाउँपालिका नदिजन्य पदार्थको संरक्षण सम्बन्धी ऐन २०८०" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १० बमोजिम गठन हुने समितिलाई सम्झनु पर्छ। सो शब्दले जिल्ला अनुगमन समिति र वडा स्तरीय अनुगमन समिति समेतलाई जनाउनेछ।

(ख) "कार्यपालिका" भन्नाले गुराँस गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "अमानत" भन्नाले गाउँपालिका आँफैले सिधै गर्ने काम वा राय सङ्कलन गर्ने कार्य सम्झनु पर्छ।

(घ) "घाटगद्दी" भन्नाले नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर) संकलन वा उत्खनन् भएको स्थानलाई सम्झनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले गुराँस गाउँपालिकालाई सम्झनु पर्छ।

(च) "गाउँसभा" भन्नाले गुराँस गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ।

(छ) "नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारमा उपलब्ध भएको ढुङ्गा, गिट्टी, बालुवा, रोडा, माटो जस्ता पदार्थ सम्झनु पर्छ।

(ज) "नदी किनारा" भन्नाले नदी बहाव क्षेत्रबाट दायाँ र बाँया एक किलो मिटर सम्मको क्षेत्र सम्झनु पर्छ।

(झ) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ।

(ञ) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याँकन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(ट) "खानी" भन्नाले

३. **नदीजन्य पदार्थको उत्खनन् र संकलनको क्षेत्र निर्धारण** : (१) गाउँपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गरिने क्षेत्र निर्धारण देहायको आधारमा गर्नेछः-

(क) वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित क्षेत्रबाट मात्र ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन् तथा सङ्कलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। तर हालको नदीको बहाव तथा जोखिमको आधारमा गाउँपालिका स्तरीय अनुगमन समितिले यस्तो क्षेत्रलाई थपघट गर्न सक्नेछ।







(ख) नदीजन्य पदार्थको उत्खनन् तथा सङकलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ग) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सृजना भई प्राविधिक टोलीको सिफारिसका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिद्धारा त्यस्तो पदार्थ हटाउनुपर्ने भनि विस्तृत विवरण तथा सीमाङ्कन सहित तोकेका स्थलहरु,

(घ) निजि जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न कानून बमोजिम अनुमति प्रदान गरिएको क्षेत्रहरु,

(ङ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग सञ्चालन र निर्माण सामाग्री आपुर्तिको लागि तोकिएको क्षेत्रहरु,

(२) उपदफा (१) बमोजिमको कुनै क्षेत्रमा यस मापदण्ड बमोजिम नदीजन्य पदार्थको उत्खनन् र सङ्कलनको व्यवस्था गाउँपालिकाले मिलाउन सक्नेछ।

## परिच्छेद-२

## नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्रि वितरण सम्बन्धी व्यवस्था

४. **नदीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्रिः** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा दहत्तर, बहत्तर जस्ता वस्तुको उत्खनन्, सङकलन तथा विक्रिको ठेक्का बन्दोबस्त देहाय बमोजिम गर्न सक्नेछः-

(क) उत्खनन् तथा विक्रिको संयुक्त ठेक्का बन्दोवस्त,

(ख) उत्खनन् संकलनको मात्र ठेक्का बन्दोवस्त,

(ग) विक्रिको मात्र ठेक्का बन्दोबस्त,

(घ) अमानत लगायत अन्य वैकल्पिक व्यवस्था।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम ठेक्का बन्दोवस्त गर्दा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९) बमोजिम गर्नुपर्नेछ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम ठेक्का बन्दोवस्त हुन नसकेमा वा कार्यपालिको उत्खनन्, संकलन र बिक्रिको लागि छुट्टा छुट्टै ठेक्का बन्दोवस्त गर्न चाहेमा यसै ऐन बमोजिम हुनेछ ।

(४) बोलपत्र आव्हान गर्दा प्रथम पटकको सूचना प्रकाशन गर्दा कम्तीमा तिस दिनको म्याद राखी राष्ट्रिय स्तरको पत्रिका मार्फत सूचना प्रकाशन गर्नुपर्नेछ। तर प्रथम पटकको सूचना प्रकाशन गर्दा निर्धारित समयावधिमा कुनैपनि बोलपत्र प्रस्ताव प्राप्त हुन नआएमा वा प्राप्त प्रस्ताव सारभूत रुपमा प्रभावग्राही नभएमा दोस्रो पटकको हकमा कम्तीमा पन्ध्र दिनको म्याद राखी राष्ट्रिय स्तरको पत्रिका मार्फत सूचना प्रकाशन गर्नुपर्नेछ।

**५. नदीजन्य पदार्थको उत्खनन् र संकलन सम्बन्धी व्यवस्था** : (१) गाउँपालिको नदीजन्य पदार्थको संकलन र उत्खनन् गर्नुपुर्व देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) उत्खनन्, संकलन तथा विक्रि वितरण गर्दा कार्यपालिकाबाट स्वीकृत कार्ययोजना वा कार्यपालिकाको निर्णयानुसार गर्नुपर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(ग) प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नु पुर्व वा गाउँपालिका स्वयंले उत्खनन् तथा सङ्कलन गर्नु पुर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अद्यावधिक गरी पुनः यकिन गर्नुपर्नेछ ।

(घ) उत्खनन् हुने परिमाण यकिन गर्दा वातावणीय अध्ययन प्रतिवेदन बमोजिम अनुगमन समिति, जनप्रतिनिधि, प्राविधिक कर्मचारी तथा स्थानीय बासिन्दाको रोहबरमा निर्धारण गरी निकालिने परिमाण र उत्खनन् गरिने गहिराई समेत जानकारी गराई सीमाङ्कन गर्नुपर्दछ ।

(ङ) कर्णाली प्रदेश सरकारको प्रचलित कानून बमोजिमको दरमा उत्खनन्, सङ्कलनको अनुमति र विक्रिको लागि व्यवस्था मिलाउनु पर्नेछ ।

(२) नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्रि गर्नु पुर्व नियमानुसार प्राविधिकबाट स्थलगत अनुगमन गराई उत्खनन्, सङ्कलन तथा बिक्रि कार्य गर्नुपर्नेछ ।

(३) नदीजन्य पदार्थको उत्खनन् र सङकलनको लागि गाउँपालिकाको कार्यालयले घटाघटको ठेक्का बन्दोबस्त गर्न सक्नेछ ।





गुराँस गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०

(४) उपदफा (३) बमोजिम ठेक्का बन्दोबस्त सम्बन्धी सूचना तोकिए बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ। त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसँग सम्झौता गर उत्खनन् नयाँ सङकलन पट्टा फारम दिनुपर्नेछ।

(५) नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममुलक प्रविधिको प्रयोग गर्नेपर्नेछ। तर मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदमा उल्लिखित शर्त र सीमाभित्र रहेर गर्नुपर्नेछ। साथै विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमति लिनुपर्नेछ ।

(६) उत्खनन् गरीसकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नुपर्नेछ।

(७) उत्खनन् र सङकलन गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त तथा जिला/गाउँपालिका अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना गर्नुपर्नेछ ।

(८) उत्खनन् गर्दा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रबाट मात्र उत्खनन् गर्नुपर्नेछ ।

(९) उत्खनन् गर्दा तोकिएको गहिराई भन्दा बढी खाडल नहुने गरी उत्खनन् गर्नुपर्नेछ ।

(१०) उत्खनन् गर्दा पानीको सतहभन्दा १५ सेन्टिमिटर माथि छाड्नु पर्नेछ।

(११) वन, राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र तथा चुरे क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा संङ्कलन गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि र सम्बन्धित निकायको सहमति तथा स्वीकृत मापदण्ड र गाउँपालिकाको प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(१२) यस दफा बमोजिम उत्खनन् तथा सङ्कलन कार्य गर्दा नदीको बहाव परिवर्तन नहुने साथै सिंचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपर्ने गरी गर्नुपर्नेछ।

(१३) नदीजन्य पदार्थको उत्खनन् कार्य सुर्यास्त देखि सुर्योदय नहुँदासम्म गर्न पाइने छैन ।

(१४) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन् तथा सङ्कलन कार्य असार १ गतेदेखि भाद्र मशान्तसम्म गर्न पाइने छैन।

(१५) ऐनमा अन्यत्र जुनसकै कुरा लेखिएको भएतापनि बाढी पहिरो, डुबालनले राजमार्ग, खेताबारी, गाउँ बस्ती, शहर बजार, पक्की पुल जस्ता क्षेत्रमा थुपारेको ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर हटाउनु पर्ने भएमा गाउँपालकाले वा गाउँपालिकाको सहमति लिई मर्का पर्ने जो सुकैले हटाउन सक्नेछ ।

६. **नदीजन्य पदार्थको ओसारपसारको विधि** : (१) नदीजन्य पदार्थ ओसारपसार गर्ने ढुवानी कर्ताले देहाय बमोजिम ढुवानी गर्नुपर्नेछः-

(१) नदीजन्य पदार्थ ओसारपसार गर्ने मार्ग दफा १० बमोजिम गठित अनुगमन समितिले तोके बमोजिम हुनेछ ।

(२) उत्खनन् स्थलबाट नदीजन्य पदार्थको ओसारपसार गर्दा नदी प्रवेश आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर मात्र गर्नु पर्नेछ ।

(३) नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटके नदी प्रवेश आदेश र राजश्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनुपर्नेछ ।

(४) नदीजन्य पदार्थको ओसारपसार गर्ने समय वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनेछ ।

(५) ढुवानी गर्ने साधनले उत्खनन् वा सङ्कलन स्थलदेखि अन्तिम गन्तव्यसम्म ४० कि.मी. प्रतिघण्टा भन्दा बढी गतिमा सवारी साधन गुडाउन र हर्न प्रयोग गर्न पाइनेछैन ।

(६) ढुवानी गर्दा ढुवानी गर्ने साधनले धुलो नउडाउने गरी उत्खनन् स्थलबाटै नदीजन्य पदार्थ ढाकेर लैजानुपर्नेछ । पिच सडकमा पानी चुहिने तथा सामाग्री पोखिने गरी ढुवानी गर्न पाइने छैन ।

(७) मुल बाटोबाट सङ्कलन तथा उत्खनन् स्थलतर्फ सवारी साधन प्रवेश हुने मार्गमा धुलो उड्न नदिन नियमित पानी छर्कने व्यवस्था उत्खननकर्ताले गर्नुपर्नेछ ।

(८) ढुवानीको साधनले बहन गर्न पाउने तौल क्षमताभित्र रहेर र सामाग्रीको तौल वा आयतन बराबर पुरा बील काटी नदीजन्य पदार्थ ढुवानी गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम ढुवानी भए नभएको सम्बन्धमा अनुगमन स्थानीय प्रहरी, नगर प्रहरी, दफा १० बमोजिम गठन भएको अनुगमन समिति तथा गाउँ कार्यपालिकाको कार्यालयले गर्न सक्नेछ ।







७. **उत्खनन् वा संकलनको परिमाण नियन्त्रणः** (१) गाउँपालिकाले उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन्, सङ्कलन हुन नदिन सङ्कलन तथा उत्खनन् आदेश दिनुपुर्व प्राविधिकबाट गरिएको नापजाँच तथा रेखांकनका आधारमा उत्खनन् वा सङ्कलनको क्षेत्र निर्धारण गरी लाइन लेभल समेत दिई देहाय अनुसार गर्नुपर्नेछः-

(क) उत्खनन्, सङ्कलन गर्न स्वीकृति दिइएको क्षेत्रको गाउँपालिकाले नियमित अनुगमन गर्नुपर्नेछ ।

(ख) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भएबमोजिमको उत्खनन्योग्य परिमाण र क्षेत्रको उत्खनन् भइसकेको पाइएमा अनुगमन समतिले थप सङकलन कार्य बन्द गर्न निर्देशन दिन सक्नेछ ।

(ग) नदी किनारा, वनक्षेत्र, सार्वजनिक स्थान वा निजि जग्गा लगायत कुनैपनि ठाउँमा भण्डारण गरी राखिएको अवैध नदीजन्य पदार्थ गाउँपालिकाले जफत गरी लिलाम बिक्रिको व्यवस्थापन गर्न सक्नेछ । साथै गाउँपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ ठेक्का सम्झौताको शर्तको अधिनमा रही जफत गरी लिलाम बिक्रि गर्ने व्यवस्था मिलाउने छ ।

(घ) उत्खनन्, सङ्कलनकर्ताले उत्खनन्, सङ्कलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख र दैनिक पटके बिक्रि वा ढुवानी अभिलेख तेरिज तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

(ङ) दैनिक उत्खनन् तथा सङ्कलन तेरिज तयार गरी गाउँपालिकामा पठाउने र गाउँ कार्यपालिकाको कार्यालयले त्यसको अभिलेख राख्ने व्यवस्था मिलाउनेछ ।

(च) घाट गद्टी स्थ्ल तथा ढुवानी हुने विन्दुलाई प्रविधिमैत्री (सि.सि.टि.भि. कम्प्युटर अभिलेख) बनाउँदै सुरक्षाका लागि सुरक्षागार्डको समेत व्यवस्था गर्नुपर्नेछ ।

(छ) भण्डारण र घाटगद्दी स्थल सम्बन्धी व्यवस्था गाउँ स्तरीय अनुगमन समितिको सिफारिसमा कार्यपालिकाको बैठकले निर्धारण गर्नेछ ।

(ज) पटके आदेशमा उल्लेख भएको परिमाण र घाटगद्दीमा आईपुगेको परिमाणको नापजाँच गरी खटिएका कर्मचारीले दैनिक घाटगद्दी भएको परिमाणको अभिलेख राख्नुपर्नेछ ।

**८. नदीजन्य पदार्थको बिक्रि वितरण सम्बन्धी व्यवस्थाः** (१) नदीजन्य पदार्थको बिक्रि वितरण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) नदीजन्य पदार्थको बिक्रि वितरणको लागि गाउँपालिकाले बढाबढको ठेक्का आव्हान गर्न सक्नेछ ।

(ख) नदीजन्य पदार्थको बिक्रिको ठेक्का बन्दोबस्त सम्बन्धी सूचना तोकिए बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ। ठेक्का सम्झौता गरी त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसँग ठेक्का सम्झौता गरी बिक्रि पट्टा फारम दिनुपर्नेछ ।

(ग) नदीजन्य पदार्थको न्युनतम बिक्रि मुल्य कायम गर्दा कर्णाली प्रदेश सरकारको प्रचलित ऐनमा तोकिएको दररेटमा गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको दररेटमा मुल्य अभिबृद्धिकर, उत्खनन् खर्च, ढुवानी भाडा र सेवा शुल्क समेत समावेश गरी गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(घ) नदीजन्य पदार्थको बिक्रि वितरण सम्बन्धी अन्य शर्तहरु गाउँपालिका र ठेकेदार कम्पनीबीच सम्झौताका बखत उल्लेख भए बमोजिम हुनेछ।

(ङ) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै राष्ट्रिय वा प्रादेशिक आयोजनाको सम्बन्धमा सो आयोजनासँग सम्बन्धित कार्यालयबाट माग वा सिफारिस भई आएमा वा कुनै व्यक्ति, फर्म, उद्योग वा कम्पनीले आवश्यकता जनाई माग गरेमा गाउँ कार्यपालिकाको कार्यालयले तोकिए बमोजिमको राजश्व लिई आई.ई.ई भएको क्षेत्रबाट नदीजन्य पदार्थ उपलब्ध गराउन सक्नेछ। यसरी नदीजन्य पदार्थ उपलब्ध गराउँदा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई पहिलो प्राथमिकतामा राख्नुपर्नेछ ।

(च) उत्खनन्, सङकलन तथा बिक्रिको परिमाणको अभिलेख राख्न गाउँ कार्यपालिकाले उत्खनन् स्थलमा आवश्यकता अनुसार कर्मचारी खटाउन सक्नेछ ।

(छ) स्थानीय आवश्यकता पुर्तिको लागि नदीजन्य पदार्थको आपुर्ति गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ ।







## परिच्छेद-३

## अनुगमन सम्बन्धी व्यवस्था

**९. अनुगमन समितिः** (१) वातावणीय अध्ययन प्रतिवेदनको पालना, उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण लगायतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिमको गाउँपालिका एवं वडा स्तरीय अनुगमन समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य

(घ) कार्यपालिकाले तोकेको एक जना कार्यपालिका सदस्य - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

(च) नेपाल प्रहरीको स्थानीय प्रमुख वा प्रतिनिधि एक जना - सदस्य

(छ) स्थानीय ट्राफिक कार्यालयको प्रमुख वा प्रतिनिधि एक जना - सदस्य

(ज) स्टोर शाखा प्रमुख - सदस्य

(झ) योजना शाखा प्रमुख - सदस्य

(ञ) राजश्व शाखा प्रमुख - सदस्य

(ट) प्राविधिक शाखा प्रमुख - सदस्य सचिव

(२) अनुगमन समितिले जुनसुकै बेला अनुगमन गरी निर्देशन दिन सक्नेछ।

(३) अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरुमा आवश्यक सुधारका लागि दिएको निर्देशन सम्बन्धित उत्खनन्कर्ता वा सङ्कलनकर्ताले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

(४) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन्, सङ्कलन वा ढुवानीकर्तालाई समितिको निर्देशन पालना नगरेसम्म उत्खनन्, सङ्कलन वा ढुवानी कार्यमा रोक लगाउन सकिनेछ ।

(५) उपदफा (४) बमोजिम रोक लगाईएकोमा सम्बन्धित उत्खनन्, सङ्कलन वा ढुवानीकर्तालाई समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिने छ ।

(६) अनुगमनको क्रममा ठेक्का शर्त उल्लङ्घन गरेको वा राजश्व छली गरी उत्खनन् तथा ओसारपसार गरेको पाइएमा त्यस्तो सङ्कलनकर्ता, उत्खनन्कर्ता र ढुवानीकर्तालाई अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्ने निर्देशन दिन, सचेत गराउन वा अवैध मालवस्तु जफत गरी जरिवाना समेत तोक्न सक्नेछ। त्यसरी जफत गरिएको मालवस्तु गाउँपालिकाले प्रचलित कानून बमोजिम लिलाम बिक्रि गरी गाउँपालिकाको सञ्चित कोषमा आम्दानी जनाउनेछ ।

(७) अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन उप-समिति वा निरीक्षण समिति गठन गर्न सक्नेछ ।

(८) पटके नदी प्रवेश आदेश, उत्खनन्कर्ताले राख्ने नदीजन्य पदार्थको दैनिक उत्खनन् अभिलेख, नदीजन्य पदार्थको दैनिक पटके बिक्रि अभिलेख तेरिजको ढाँचा अनुगमन समितिले निर्धाण्रा गर्ने छ ।

(९) यस ऐनमा अन्यत्र उल्लेख गरिएको कार्यहरु देखि बोहक अनुगमन समितिले उत्खनन् स्थल निर्धारण, क्षेत्रफल तथा गहिराइको अनुगमन र खन्न सक्ने अधिकतम गहिराइको निर्धारण जस्ता विषयहरुको निक्यौल गर्नेछ ।

(१०) अनुगमनको सन्दर्भमा तोकिएको मापदण्ड बिपरित कार्य भएको पाईएमा वा नदी प्रवेश आदेश नलिई नदी प्रवेश गरेको भेटिएमा वा राजश्व नबुझाई नदीजन्य पदार्थ ओसारपसार गरेको पाईएमा अनुगमन समितिले तत्कालै नदीजन्य पदार्थ बोकेको सवारी साधन नियन्त्रण गरी नदीजन्य पदार्थ जफत गरी जरीवाना समेत तोक्न सक्नेछ ।

**१०. वडास्तरीय अनुगमन समिति**ः नदीजन्य पदार्थको उत्खनन्, सङकलन र बिक्रि गर्ने प्रयोजनार्थ आई. ई.ई प्रतिवेदनमा उल्लिखित विन्दुहरुको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न गाउँ कार्यपालिकाले देहाय बमोजिमको वडा स्तरीय समिति गठन गर्न सकिनेछ ।

(क) सम्बन्धित वडाको अध्यक्ष - संयोजक

(ख) वडा अध्यक्षले तोकेको एक जना महिला सहित दुई जना वडा सदस्य - सदस्य

(ग) वडामा कार्यरत प्राविधिक कर्मचारी - सदस्य

(घ) वडा सचिव - सदस्य सचिव





गुरांस गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०

**११. कार्यदल**ः गाउँपालिकाको कार्यलयले नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा ढुवानी सम्बन्धी कार्य यस ऐन र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिभ भए नभएको नियमित अनुगमन गर्न प्राविधिक कर्मचारीको संयोजकत्वमा कार्यदल गठन गर्नेछ। सो कार्यदलले नियमित रुपमा घाटगद्दीको अनुगमन गरी दफा ८ को १ (ज) बमोजिमको अभिलेख राख्नुपर्नेछ ।

## परिच्छेद-४
## दण्ड जरिवाना

**१३. जरिवाना**ः (१) कसैले पनि गाउँपालिकाको अनुमतिबिना गाउँपालिका क्षेत्रभित्र पर्ने नदी, खोला लगायत अन्य ठाउँबाट नदीजन्य पदार्थको उत्खनन्, सङकलन तथा ओसारपसरा गर्नु गराउनु हुँदैन ।

(२) नदीजन्य पदार्थको अवैध रुपमा उत्खनन्, सङकलन तथा ओसारपसार गरेको फेला परेमा सो सवारी साधनलाई नियन्त्रणमा लिई संलग्न व्यक्तिलाई नियन्त्रणमा लिन सकिनेछ ।

(३) राजश्व छली गरी अवैध रुपमा नदीजन्य पदार्थको ओसारपसार गरेको पाईएमा देहाय बमोजिमको जरिवाना गरी मालवस्तु जफत गरिनेछः-

(क) नदीको बहाव वा पानी बगेको क्षेत्रमा प्रवेश गरी उत्खनन् वा सङ्कलन गरेमा स्काभेटर वा ब्याकहोलोडर भए, पच्चिस हजार, ट्रिपर वा ट्रक भए पन्ध्र हजार, मिनिट्रक भए दश हजार र ट्याक्टर भए पाँचहजार रुपैयाँ जरिवाना तिर्नुपर्नेछ ।

(ख) बिना अनुमति मेशिनरी औजार प्रयोग गरी उत्खनन् तथा सङ्कलन गरेको पाईएमा पच्चिस हजार,

(ग) तोकिएको भन्दा बढी गहिराईमा उत्खनन् गरेमा तिस हजार,

(घ) तोकिएको भन्दा बढी संख्यामा मेशिन प्रयोग गरेमा प्रतिमेशिन बिस हजार,

(४) बिहान ७ बजेअघि र बेलुकी ५ बजे पश्चात् उत्खनन् वा सङ्कलन कार्य गरेमा देहाय बमोजिम जरिवाना गर्न सकिनेछः-

(क) नदीको बहाव परिवर्तन गरी उत्खनन् गरेमा प्रतिमेशिन वा साधन बिस हजार,

(ख) निषेधित क्षेत्रमा उत्खनन् वा संकलन गरेमा तिस हजार,

(ग) राजमार्ग र मुख्य सडकको क्षेत्रमा सङ्कलन गरेमा तिसहजार,

(घ) उपदफा ४ को खण्ड (क), (ख) र (ग) पुनः दोहोऱ्याएमा तोकिएको जरिवानामा पच्चिस प्रतिशत थ जरिवाना गर्न सकिनेछ ।

(५) जरिवाना सम्बन्धी अन्य व्यवस्था यस ऐन बमोजिम निर्माण गरिने कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद-५

## विविध

**१४. आवश्यक कानुन निर्माण गर्न सकिनेः** यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि कार्यविधि, नियमावली, नियम, निर्देशिका बनाउन सकिनेछ ।

**१५. प्रचलिन कानून बमोजिम हुनेः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनमा लेखिएको बाहेकका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले

**दिनेश दाहाल**

**नि.प्रमुख प्रशासकीय अधिकृत**